बैठक मितिः २०८१/०८/१६

बैठक सङ्ख्याः १९

छलफल तथा निर्णयः

१. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको मिति २०८१।०६।२२ को (सचिवस्तरीय निर्णयानुसार) प्रगन्ना तथा बड्कापथ सिंचाई आयोजना ब.उ.शि.नं. ३०८०३११५ का लागि रु. १ अर्ब ६८ करोड ८२ लाख २८ हजार बराबरको बहुवर्षीय ठेक्का सहमतिका लागि अनुरोध भई आएकोमा चालु आ.व. २०८१/८२ मा उक्त आयोजनालाई रू २५ करोड ७२ लाख ४७ हजार विनियोजन भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ बमोजिम १ अर्ब २ करोड ८९ लाख ८८ हजार वरावरको स्रोत सहमतिको लागि सो मापदण्डको दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको मिति २०८१।०५।११ को पत्र मार्फत बुढीगंगा जलविद्युत आयोजना (ब.उ.शि.नं. ३०८०११०६) का लागि चालु आर्थिक वर्ष २०८१/८२ मा रु ३ अर्ब २८ करोड ७१ लाख विनियोजन भएको उक्त आयोजनाकोलागि रु १३ अर्ब ८ करोड ७१ लाख रकम बराबरको बहुवर्षीय ठेक्का श्रोत सहमतिका लागि (मिति २०८१।०५।०९ को सचिवस्तरीय निर्णयानुसार) अनुरोध भई आएकोमा आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को दफा ६(५) बमोजिम सहलगानीको आयोजनाको सम्बन्धमा नेपाल सरकारले व्यहोर्ने रू ७ अर्ब ६५ करोड ९५ लाख वरावरको स्रोत सहमतिको लागि मापदण्डको दफा ३(२) बमोजिम अर्थ मन्त्रालयमा सिफारिश गर्ने।

३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त मदन भण्डारी राजमार्गको ब.उ.शि.नं.३३७०११०८ अन्तर्गत घोराही-तुल्सीपुर (२१.५८ कि.मि.) सडक खण्डलाई ४ लेन विस्तार तथा स्तरोन्नति कार्य गर्न रु. ३ अर्ब ९९ करोड ४९ लाख बरावरको बहुवर्षीय ठेक्का स्रोत सहमति सम्वन्धमा आयोजनाको बहुबर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ दफा ३ को उपदफा (२) बमोजिम अर्थ मन्त्रालयमा सिफारिश गरी पठाइएकोमा अर्थ मन्त्रालयको मिति २०८१/८/११ को माननीय उप-प्रधान तथा अर्थ मन्त्रीस्तरीय निर्णयबाट ब.उ.शि.नं.३३७०११०८ बाटै खर्च कार्यान्वयन हुने गरी स्रोत सहमति प्राप्त भएकोले आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ दफा ३ को उपदफा (४) बमोजिम बहुवर्षीय ठेक्का सहमति प्रदान गर्ने।